# विपश्यना

**साधकहरूका लागि**
**प्रेरणा पत्र**

बुद्ध वर्ष २५४२ कार्तिक २०५५ वर्ष १५ अङ्क ७

## धम्मवाणी

*खन्ती च सोवचस्सता, समणानञ्च दस्सनं ।*
*कालेन धम्मसाकच्छा, एतं मङ्गलमुत्तमं ॥*
*मंगलसुत्त-९*

**क्षमाशील हुनु, आज्ञाकारी हुनु, श्रमणहरूको दर्शन गर्नु, उचित समयमा धर्म-चर्चा गर्नु यही उत्तम मंगल हुन् ।**

## सजायी ऊ बा ल्विन

सयाजी ऊ बा ल्विनसंग कहाँ, कसरी, कहिले परिचय भएको भन्ने कुरा पूर्णरूपले बिर्सिसकें । परन्तु बर्मा (म्यानमा) स्वतन्त्र भईसकेपछि परिचय भएको हो भन्ने चाँहि यकीन छ । सायद् कुनै सार्वजनिक आयोजनामा भएको हुनसक्छ, किनभने उहाँ एकजना प्रसिद्ध राष्ट्रिय नेता हुनुहन्थ्यो र म पनि त्यससमयमा यस्ता सभामा भाग लिन्थें । प्रारम्भिक परिचय जहाँ भएको भए पनि हामी दुईको घनिष्ठता भने छिट्टै भएको थियो ।

उहाँ हँसिलो र रमाइलो किसिमको हुनुहुन्थ्यो । सार्वजनिक जीवन व्यतित गर्ने जो सुकै पनि उहाँको सम्पर्कमा आउने वित्तिकै घनिष्ठ हुन्थे । हामी दुईको उमेरमा निकै फरक भएपनि हाम्रो घनिष्ठतामा यसले केही बाधा पुऱ्याएन । उनीसंग भेट हुँदा उनको आँखामा देखिने म प्रतिको मित्रतापूर्ण छबिले यो स्पष्ट हुन्थ्यो ।

सुरु सुरुमा त उहाँ हामीकहाँ हुने दीपावलीमा मात्र सम्मिलित हुन्थ्यो । पछि विदाको अवसरमा घर आउने जाने हुनथाल्यो । उहाँलाई भारतीय खाना अधिक मन पर्थ्यो, विशेष गरी आलू-पूरीको शौक थियो । चाहे जुनसुकै बहानाबाट घर आए पनि उहाँसँग बिताएको क्षण बडो अर्थपूर्ण र रमणीय हुन्थ्यो । उहाँसँग कुरा गर्दा कोही पनि थाक्दैनथियो, म त झन घनिष्ठ भइसकेको थिएँ ।

उहाँ संगको एउटा स्मरणीय घटना छ । एक पटक घरमा आउँदा मलाई भन्नु भन्यो "ऊ गोयन्का, आज तिमीसँग एउटा कुरा माग्न आएको छुँ ।" मैले सोचें कि सयाजीले के माग्नु हुन्छ र ? उहाँले तुरुन्त नै भन्नुभयो "नडराऊ, म यसपकट स्कूलको लागि चन्दा माग्न आएको होइन, म त स्कूलको लागि तिम्रो एकजना छोरा माग्न आएको । तिमी बर्मी नागरीक हौ । मलाई थाहा छ तिम्रो मनोभावना राष्ट्रिय भावनाले ओतप्रोत छ । हुन त तिम्रो सबै छोराहरू म्योमा राष्ट्रिय स्कूलमा पढ्नु पर्दथ्यो तर एक जना त त्यहाँ पढ्न पठाऊ ।" "सयाजी मेरा छोराहरू तपाईकै त हुन् नी, यो त उनीहरूको लागि सौभाग्यको कुराभयो" मैले भनें ।

म आफ्नो अनुभवले जाँन्दथिएँ कि बच्चाहरूको लागि यो प्रस्तावना उपयुक्त थियो । म वर्माको पूरानो राजधानी माण्डलेमा जन्में र त्यहीं मेरो पढाई भयो । परन्तु माण्डलेमा पनि प्रवासी भारतीयहरूले सानो भारत बनाएको थियो । भारतीयहरू त्यहाँ अधिक थियो र भारतीय ढंगका स्कूल पनि थिए । मैले पनि माण्डलेको मारवाडी स्कूलमा प्राथमीक शिक्षा सुरू गरें र पछि खासला स्कूलमा हाइस्कूल । यी स्कूलका लगभग सबै विद्यार्थी भारतीय थिए । अत: तिनीहरू संगै खेल्थें- पढ्थें । बर्मी साथीहरू नहुनाले बर्मी भाषामा राम्ररी कुराकानी गर्ने अभ्यास थिएन । स्कूलमा बर्मी भाषाको एउटा विषय थियो, यसबाट बर्मी लेखपढ गर्न त सकिन्थ्यो परन्तु जस्तो चाहिन्थ्यो त्यस्तो बोल्न भने आउँदैनथ्यो । पछि व्यापार गर्दा आफ्नै ढंगले बर्मी त बोलिन्थ्यो तर शुद्ध बर्मी भने सिक्न पाएको थिएन । यो कमीले आजसम्म पनि कुटकुटचाइ रहन्छ । मेरा छोराहरू पनि यस्को शिकार नहोस् भन्ने चाहन्थें त्यसैले सयाजी ऊ बा ल्विनको सुझावलाई सहर्ष स्वीकार गरें । बर्मी स्कूलमा पढ्न सबभन्दा पहिला माहिला पुत्र बनवारीले इच्छा व्यक्त गऱ्यो । त्यसको भोलि पल्ट नै आफ्नो छोरा साथमा लिएर म्योमा स्कूलमा भर्ना गरी दिएँ ।

बनवारी प्रति सयाजीको विशेष स्नेह थियो । उहाँले उस्को नाम "मौं श्वे" (स्वर्ण कुमार) राखिदिनु भयो । उहाँ भन्नु हुन्थ्यो यो व्यापारीको छोरो ठूलो भएपछि खूब व्यापार गर्छ, धेरै धन कमाउँछ । अत: यस्को लागि मौं श्वे नाम बढो उपयुक्त छ । सजायी छोराको देखभाल राम्ररी गर्नुहुन्थ्यो । कहिले काँही भेट्भयो भने "छोराले प्रगति गर्दै छ धन्दा नमान्नु, मैले राम्ररी हेरविचार गरेको छु, राम्रो शिक्षा पाउँछ" भनेर भन्नु हुन्थ्यो । मलाई के को चिन्ता ? स्कूलको साधारण पढाईको साथ साथै राष्ट्रिय भावनाको शिक्षा पनि हासिल गर्दै छ । म चाहन्थें कि जुन देशमा मेरा छोराहरू जन्मे-हुर्के त्यस देशको प्रति आफ्नो उत्तरदायित्वलाई राम्ररी बुझोस् । व्यापारीको घरमा जन्मेको कारण व्यापार कसरी गर्ने त राम्ररी जानिहाल्छ, तर व्यापार केवल बढी भन्दा बढी धन संग्रह गर्नको लागि मात्र नहोस् । आफ्नो कमाई देशवासिको सहायतार्थ पनि बाँड्न सिकोस् । बर्मा देशले हाम्रो तीन पुष्टाको भरण-पोषण गरिसक्यो र



Downloaded from http://www.dhamma.digital

अब चौथौं पुष्टा हुर्कंदैछ भने यस देश प्रति कृतज्ञतापूर्ण मनोभावना जाग्नु अनिवार्य छ। यस्तो भावना घरमा त देखिन्छ तर स्कूलमा पनि होस् भन्ने चाहन्थें ।

मेरो केही उत्साहि युवक साथिहरूको एउटा मण्डली थियो जो कुनै पनि प्रकारको सेवा प्रदान गर्न संधै तत्पर थिए । वर्मा स्वतन्त्राको केही समय पश्चात रंगुनको फ स फ ल क्वाटरमा एकदम ठूलो आगलागी भयो । मध्यरातमा भयंकर आगो लागेर सारा बस्ती प्रभावित थियो। त्यस समय त्यहाँ बाँसले बनेका कच्चा घरहरू मात्र थिए, बल्न झन सजिलो थियो । अग्नि पीडितहरू भयभीत भएर घरबाट निक्ले सारा बस्ती तहस नहस थियो, कहीं सहायता थिएन। यस्तो अवस्थामा यस युवक मण्डलले जोडतोड्का साथ काम गरे । रातौं रात हजारौं मानिसहरूको लागि भोजन पकाएर विहान अग्नि पीडितहरूलाई बाँडिदिए । यस्तो भोजन दान लगातार तीन दिनसम्म दिईयो । त्यसपछि सरकारले पीडितहरूलाई गाँस बासको सहयोग दियो । ऊ बा ल्विनले यी कार्यहरू देखेर म र मेरा साथीहरूलाई साधुवाद दिए ।

त्यसको केही समय पछि नै रंगुनभन्दा १०० माईल उत्तर अवस्थीत हैंजडा भन्ने शहरमा एकदम भयंकर आगो लाग्यो। यसबाट सारा शहर प्रभावित थियो। त्यहाँ पनि मेरा साथी ऊ म्या र ऊ वा ल्विन दुवैले अग्नि पीडितहरूलाई सहयोग गर्न आव्हान गऱ्यो । कार्यकर्ताहरूलाई निवास आदिको असुविधा भएको कारण कामगर्न एकदम गाऱ्हो थियो। तै पनि सेवाभावी साथीहरूले यस कार्यमा दक्षता पूर्वक काम गरे। एक हप्तासम्म अग्नि पीडितहरूलाई भोजन दान दिइनै रहे। ऊ वा ल्विन यस कार्यबाट अधिक प्रसन्न थियो। अन्य ठाउँमा पनि यस्तो वृहत भोजनदान दिनु पर्दा यो युवक मण्डली जहिले पनि अघि नै हुन्थ्यो ।

× × ×

सयाजी ऊ बा ल्विन त्यस समयका बर्मी नेता हुनुहुन्थ्यो। त्यस समयमा सम्पूर्ण देशमा राष्ट्रिय भावना जागृत भइरहेको थियो । सन् १९२०-२१ मा भारतमा महात्मा गान्धीको असहयोग आन्दोलन चलिरहेको थियो। यसबाट बर्मामा पनि स्वाधीनताको प्रभाव परेको थियो। विदेशी हुकूमको गुलामी कस्लाई मनपर्छ र ? वर्मीहरूमा पनि राष्ट्रियताको भावना उब्जिरहेको थियो । विशेष गरी कलेजका विद्यार्थीहरूमा राष्ट्रियताको तूफान चलिरहेको थियो ।

ती विद्यार्थीहरूले ब्रिटिश शासनको विरुद्ध विशेष गरी विश्वविद्यालयका अधिकारीहरूको विरुद्ध असहयोग आन्दोलन आरम्भ गरे। बुझ्ने व्यक्तिहरूले स्कूल तथा विश्वविद्यालयको शिक्षा-प्रणालीले साम्राज्यवादीनीतिलाई बल प्रदान गर्दैछ भन्ने राम्ररी बुझेका थिए । उच्च शिक्षा प्राप्त गरेपछि कुसाग्र बुद्धि भएका विद्यार्थीहरूलाई प्रशासनिक तालिम दिएर शासनतन्त्रको उच्च पदमा भर्ना गर्दथ्यो । यस्को सम्पूर्ण लाभ ब्रिटिश शासन प्रणालीको साम्राज्यवादलाई सबल बनाउनको लागि हुन्थ्यो। देशका बुद्धिशाली शिक्षित व्यक्तिहरू साम्राज्यवादको कलपुर्जा भइरहेको थियो । तिनीहरूमा राष्ट्रिय भावना जाग्न नै पाउँदैन थियो, जागे तापनि सबल हुन पाउँदैनथ्यो। राष्ट्रिय भावना जाग्नुको बदला ती साम्राज्यवादीको पोषक र राष्ट्रको बिरोधी हुन जान्थ्यो ।

यस्तो दुराअवस्थाबाट मुक्त हुनको लागि देशमा ठाउँ ठाऊँमा राष्ट्रिय स्कूलको स्थापना हुनु आवश्यक थियो । यस कार्यमा ऊ बा ल्विनले महत्वपूर्ण भूमिका निभाएका थिए। उहाँले रंगूनको श्वेडगोन पागोडा रोडमा “म्योमा राष्ट्रिय स्कूल” को स्थापना गर्नुभएको थियो। त्यसको लागि आवश्यक भवन निर्माण गर्न उहाँले देश भरी नै चन्दा संकलन गर्नुभएको थियो । यस स्कूलको पढाई अन्य सरह नै थियो र यस्को अतिरिक्त यहाँका सबै विद्यार्थीहरूमा राष्ट्रियताको भावना भरिएको थियो । यहाँबाट पास भएका कतिपय विद्यार्थीहरू पछि राष्ट्रनेता भएका छन् । यहाँ बर्मी माध्यमबाट पढाइन्थ्यो । यसकारण बर्मी भाषा र साहित्यको विकास तथा उत्थानमा निकै टेवा पुऱ्याएको थियो ।

सयाजीलाई बर्मी भाषाप्रति अगाध स्नेह थियो, जुन स्वाभाविक नै थियो। छुट्टीको दिन हामी तीन-चार जना बीच बर्मी साहित्यको विषयमा चर्चा हुन्थ्यो । म चाहन्थें कि बर्मी र हिन्दी साहित्यमा पारस्परिक आदान-प्रदान होस् । यस विषयमा योजनाहरू बन्दथ्यो र त्यस अनुरूप कार्यान्वयन पनि हुन्थ्यो। कहिले काँहीं पालि शब्दको बर्मी उच्चारणको विषयमा धुमधाम छलफल हुन्थ्यो । सयाजी यस बिषयमा बडो उत्सुकतापूर्वक भाग लिनुहुन्थ्यो । पालीको मागधी उच्चारण बर्मासम्म पुग्दा धेरै बदलिसकेको थियो । हामी बीचको छलफलबाट एउटा सूत्र निस्क्यो जस्बाट बर्मी अक्षरमा छापिएका तर पाली भाषाको अर्थ बुझ्न मलाई निक्कै सजीलो भयो। त्यस समयमा म विपश्यनाको साधक भइसकेको थिएँ र नियमित अभ्यास पनि गर्दथें। यसकारण पालि त्रिपिटक पढ्ने बडो चाहना थियो। विधिवत ब्याकरण सहित पालि भाषा अध्ययन गर्न मेरो लागि समय थिएन । परन्तु वर्मी लिपिमा लेखिएका पालि ग्रन्थको मागधी उच्चारण गरेर बुझ्नु मेरो लागि सरल थियो । मूल बुद्ध वाणीको आधारमा विपश्यना साधना सम्बन्धी परिचर्चा भयो भने ऊ बा ल्विन विशेष शौकपूर्वक सुन्थे । यस विषयमा मेरो गतिशीलता देखेर सयाजीले मलाई एकदिन कल्याणमित्र भनेर सम्बोधन गर्नु भयो । मलाई अलि अप्ध्यारो लाग्यो । मैले भने, “यो अलि नमिल्दो भयो, सयाजी। यो त भगवान बुद्धलाई मात्र भनिन्छ।” अर्को साथीले भन्यो, “केबल भगवान बुद्धलाई मात्र होइन, कोही पनि कुशल धर्माचार्यलाई भनिन्छ।” मैले भनें, “म त धर्माचार्य पनि होइन। मत धर्मको मार्गमा हिंड्ने ब्यक्ति मात्र हुँ।” सयाजीले भन्नुभयो, “यो भन्दा ठूलो धर्माचार्य अरू को होला। तिमीसित त यति धेरै धर्मको ज्ञान छ, तिमी त साँच्चै नै कल्याणमित्र हौ।” त्यसपछि सँधै उहाँले कल्याण मित्र नै भनेर सम्बोधित गर्न थाल्यो । चिट्ठीमा पनि यही सम्बोधन गर्नथाल्यो ।

जब वर्मामा सरकारले सबै व्यापार धन्दालाई राष्ट्रियकरण गऱ्यो तब मलाई आफू यस बन्धनबाट मुक्त भएको झैं लाग्यो। उद्योग व्यापार गरेर धन कमाउनको लागि जति समय दिन्थें अब त्यो धर्म कमाउनको लागि लगाउन पाइयो। एकतिर पूज्य गुरुजीको सामू बसेर



Downloaded from http://www.dhamma.digital

पटिपत्ति विपश्यनाको गहन अभ्यास गर्न पाइयो अर्को तिर बर्मी लिपिमा लेखिएका पालि वाङ्मयको सही अर्थ बुझ्न सकिएकोले राम्ररी अध्ययन गर्न पाइयो । ब्याकरण राम्ररी पढ्न नपाइए तापनि संस्कृत, हिन्दी र राजस्थानी भाषासँग मिल्ने हुँदा पालि भाषाका अनेक शब्द बुझ्नको लागि निक्कै सरल भएको थियो। यस्को लागि लण्डनको पालि टेक्स्ट सोसायटीको पालि इङ्गलिस शब्द कोष प्रामाणिक छ भन्ने सुनें। रंगूनमा त्यो किताब पाईदैनथ्यो । बाहिरबाट झिकाउन पनि सकेन। एक समय सयाजी ऊ वा ल्विन श्रीलंकामा वर्मी राजदूत भएर जानु भएको थियो । उनले त्यो किताब पठाईदिनु भयो, जुन किताब आजसम्म पनि प्रयोगमा लिइरहेको छु। आज पनि त्यो किताब हातमा लिंदा उहाँको मुस्कानले भरेको चेहरा सम्झना आउँछ । उहाँलाई आफ्नो पूण्यको भागीदार बनाउँदा मन एकदम प्रसन्न हुन्छ ।

समय वित्दै गयो, भारतमा आएपछि भदन्त आनन्द कौशल्यायणजीले पनि मलाई “कल्याणमित्र” नामले सम्बोधित गर्न थाल्नु भयो । यसरी अप्थ्यारो लागे पनि सयाजीले प्रयोग गर्नुभएको शब्द नै प्रचलित हुन थाल्यो। “गुरु” भनेर भन्नुको सट्टा कल्याणमित्र भनेको नै मनपर्‍यो ।

सयाजी ऊ बा ल्विन राष्ट्रिय विचारधारा भएको नेता मात्र नभई राष्ट्रिय वर्मी शिक्षण आन्दोलनको एकजना प्रबल प्रवर्तक र पोषक पनि हुनुहुन्थ्यो । निस्वार्थ सेवक र प्रभावशाली शिक्षक अनि वर्मी साहित्यका मर्मज्ञका साथै सरल - स्वच्छ हृदय भएका गृहस्थ सन्त पनि हुनुहुन्थ्यो । जीवनमा उनको साथ पाएर म निक्कै खुसी छुँ, कल्याण लाभी छुँ ।

(साभार: हिन्दी विपश्यना पत्रिका, जेष्ठ पूर्णिमा, १९९७) **कल्याण मित्र** स.ना.गो.

## गर्नु नहुने पाँच किसिमका ब्यापार

१) हात हतियारको ब्यापार
२) पशु - पंक्षिको ब्यापार
३) मासुको ब्यापार
४) रक्सी आदि नशा लाग्ने पदार्थको ब्यापार
५) विषको ब्यापार ।

## दुर्लभ पाँच रत्न

संसारमा निम्न पाँच रत्नहरू हुनु दुर्लभ छन् ।

१) संसारमा तथागत अरहत्त सम्यक सम्बुद्ध हुनु दुर्लभ छ ।
२) संसारमा शुद्धधर्मको उपदेशक हुनु दुर्लभ छ ।
३) संसारमा शुद्धधर्मको उपदेश सुनेर पनि सत्यलाई बुझ्नेहरू हुनु दुर्लभ छ ।
४) संसारमा शुद्धधर्मको उपदेश सुनेर बुझेर पनि सो अनुसार व्यवहार गर्नेहरू हुनु दुर्लभ छ ।
५) संसारमा कृतज्ञ र परोपकार गरेर पनि त्यस्को बदलामा केही नचाहनेहरू हुनु दुर्लभ छ ।

## धर्मश्रृङ्गमा आगामी महिनाहरुमा संचालन हुने शिविर कार्यक्रम

१. निम्न कार्यक्रमहरू मध्ये आफूलाई अनुकूल शिविरमा सम्मिलित हुनु पूर्व कृपया आचार संहिता पढ्नुहोस् । कमसेकम दुई हप्ता अगाडि आवेदन - पत्र भरेर ब्यवस्थापनमा सम्पर्क राख्नुहोस् ।
२. शिविरको आरम्भ शुरुदिनको साँझ हुनेछ र समाप्त अन्तिम दिनको विहान करीव सात बजे हुनेछ । शिविरार्थीहरुलाई अनुरोध छ कि शिविर शुरु हुने दिनमा नै शिविर स्थलमा आउनु होला । त्यसभन्दा अगाडिको वा पछाडिको दिनमा होइन ।
३. शिविरमा आउँदा साथमा टर्च, तन्ना, ओड्ने (सल) तथा मौसम अनुकूलको लुगा र दैनिक उपयोगका सामानहरू ल्याउन नभूल्नु होला ।
४. शिविरको सञ्चालन पूज्य गुरुजीद्वारा मनोनीत सहायक आचार्यबाट हुनेछ ।
५. सतिपट्ठान शिविर - यस शिविरमा पूज्य गुरुजी वा सहायक आचार्यसंग कम से कम तीन वटा शिविर लिइसकेका साधकहरूले मात्र भागलिन पाउनेछन्। यसका साथै विगत एक वर्षदेखि नियमित रूपमा दैनिक अभ्यास गरेको हुनुपर्छ ।

डिसेम्बर १-१२
(मंसीर १५-२६) - १० दिवसीय
डिसेम्बर १४-२५
(मंसीर २८-१० पौष) १० दिवसीय
जनवरी १-१२
(पौष १७-२८) - १० दिवसीय
जनवरी १४-१५
(पौष ३०-११ माघ) - १० दिवसीय
फरवरी १-१२
(माघ १८-२९) - १० दिवसीय
फरवरी ४-१२
(माघ २१-२९) - सत्तिपट्ठान (पुराना साधकहरूका लागि)
फरवरी १४-२५
(फाल्गुण २-१३) - १० दिवसीय
फरवरी १४-२५
(फाल्गुण २-१३) - १० दिवसीय विशेष शिविर (पुराना साधकहरूका लागि)

प्रत्येक अंग्रेजी महिनाको अन्तिम शनिबार एक दिवसीय शिविर सञ्चालन हुँदै आइरहेको छ। यस शिविरमा पुराना साधक साधिकाले भाग लिनसक्नेछन् । शिविरमा सम्मिलित हुनको लागि नगर कार्यालय, ज्योति भवनमा अनिवार्य रूपमा केही दिन अगाडि नै सम्पर्क राख्नु होला ।



Downloaded from http://www.dhamma.digital

## बाल शिविर

- बाल शिविरमा सम्मिलित हुनको लागि आवेदन-पत्र भर्नु पर्नेछ । तोकिएको वर्ष भित्रका बालबालिकाहरूलाई मात्र शिविरमा सामेल गराउने भएकोले सो अनुसार आवेदन गर्न अभिभावकहरूमा अनुरोध छ ।
- व्यवस्थापन कार्य सरल बनाउने अभिप्रायले प्रत्येक शिविरमा सय जना शिविरार्थीहरूलाई मात्र सम्मिलित गराइने छ। तसर्थ समयमा नै आवेदन गर्नु होला ।
- बाल बालिकाको इच्छा भएमा मात्र आवेदन गर्नको लागि उनीहरूलाई प्रोत्साहित गर्नुहोला ।
- शिविरमा आफ्ना बाल - बालिकाको साथ कोही पनि अभिभावक बस्न पाउनु हुनेछैन ।

| | | |
|---|---|---|
| डिसेम्बर ३१-३ जनवरी (पौष १६-१९) | - | ३ दिवसीय (१२-१५ वर्ष) |
| जनवरी ४-७ (पौष २०-२३) | - | ३ दिवसीय (८-११ वर्ष) |
| जनवरी ९-१२ (पौष २५-२८) | - | ३ दिवसीय (१२-१५ वर्ष) |
| जनवरी २७-३० (माघ १३-१६) | - | ३ दिवसीय (८-११ वर्ष) |

## धम्म तराईमा शिविर

आगामी डिसेम्बर १५-२६ ( मंसीर २९-११ पौष ) सम्म धम्म तराईमा दश दिवसीय शिविर सञ्चालन हुँदैछ । इच्छुक महानुभावहरूले निम्न ठेगानामा सम्पर्क राख्नु होला ।

- राणी सती अतिथी सदन, वीरगञ्ज
  फोन- २२०९२, २१४८५, २२५१४, ३९४०५

# धर्म गाथा

## नेपाली

सज्जनको संगत पाएँ, पाएँ पन्थ अनमोल ।
पाएको जन्म सुधारें, भयो जीवन सफल ॥

धन्य होस् माता पिता, धन्य होस कुल गोत्र ।
सन्त पुरुष जन्मे जहाँ, पायो धर्मको ज्योत ॥

सम्पर्कमा आयो सत्पुरुषको, भयो विनम्र विनीत ।
जुन हाँगामा फल लाग्यो, झुक्ने त्यसको रीत ॥

सत्पुरुषको सत्-संगत, होस सदुपयोग ।
सधैं सुकार्यमा लागौं, नहोस् मिथ्या भोग ॥

दुष्कर्मदेखि टाढा रहौं, हुन्छ टाढा अनुताप ।
सज्जनको सत्कर्मले सुखी हुन्छ, हुन्छ दूर सन्ताप ॥

सन्तको सेवा गरे, धर्म उजाग्र हुन्छ ।
यस लोक र परलोकमा, उत्तम मंगल हुन्छ ॥

**मंगल कामना सहित**
**भाजुरत्न फर्मा**
वीरगञ्ज ।

## हिन्दी

ना कोई से राग है, ना कोई से द्वेष
सबसे समता मित्रता, धन्य संत धरमेश ॥

संप्रदाय से संत की, होवे ना पहचान ।
जिसके मन मैत्री जगे, वह ही संत सुजान ॥

जिस धरती पर देश पर, संत अवतरित होय ।
पूण्य जगे उसे देश के, धरती गदगद होय ॥

जब जब प्रकटे संत जग, धन्य होय युगकाल ।
जहाँ जहाँ विचरण करें, होवे देश निहाल ॥

तप्त धरा पर धर्म की, अमृत बर्षा होय ।
धर्म विहारी संत का, जहां आगमन होय ॥

उस कुल में सूरज उगे, जिस कुल जनमें संत ।
अंधकार को दूर करे जगे प्रकाश अनंत ॥

**मंगल कामना सहित**
**मदन कृष्ण कायस्थ**
ठमेल, काठमाडौं
फोन नं. ४२५९८२

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७ *२०५५ कार्तिक*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१
*मुद्रक :* **न्यू नेपाल प्रेस,** अफिस फोन : २५ ९० ३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८ प्रेस : ४३४ ८५०, ४३४ ७५३

जि.प्र.का.द.नं. ३८/५१/५२

साधकको नाम : ..................................................

ठेगाना : ..................................................

..................................................

..................................................

● आजीवन शुल्क रू. ४००/-
● वार्षिक शुल्क रू. २५/-



Downloaded from http://www.dhamma.digital